CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #१०१

३० ।१२ ।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

आ.व. २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको समग्र प्रगती विवरण

कुल अनुदान पठाइका स्थानीय तहको संख्या
७०१

आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको संख्या
४९५

कुल विनियोजित रकम
रु. २,७०,१५,६२,०००

सञ्चालित आयोजनाको संख्या
४३०२

आवेदन दिने व्यक्तिको संख्या
३,७०,७३४ जना

रोजगारीमा खटिएका व्यक्तिको संख्य
१,०५,६३५ जना

जम्मा रोजगारी श्रृजना भएको दिन
१६,३९,४३१

स्रोत: https://www.opmcm.gov.np/wp-content/uploads/2021/03/PMEP-Annual-Report-076-77.pdf

नेपाल अपडेट

धुलिखेल नगरपालिका वडा नं. २ रबिओपीमा स्वास्थ्यचौकी भवन निर्माणको शिलान्यास गरिदै ।

तस्विर: रोजन तामाङ

परिक्षण

पिसिआर परिक्षण: २३,१२,९०१

पोजेटिभ: २,८०,०२८

उपचाररत: २९६१

मृत्यु : ३,०४०

सन्चो भएका : २,७४,०२७

Source: https://covid19.mohp.gov.np/#/

हल्ला र तथ्य

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सरकारले बेरोजगार नागरिकलाई १०० दिनको रोजगारी दिने भनेको थियो । तर, अहिले १६ दिनको मात्र रोजगारी दिन्छ भन्ने समाचार आईरहेको छ नि ?

आ.व. २०७६/७७ मा सरकारले ६० हजार बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारी दिनका लागि रु. ५ अर्ब १ करोड रकम बिनियोजन गरेको थियो । त्यस मध्ये, वैदेशिक स्रोतको रु. २ अर्ब ६२ करोड रकम निकासा हुन सकेन । नेपाल सरकारको स्रोतको रकम रु. २ अर्ब ३० करोड ३२ लाख रकम ७०१ स्थानीय तहमा सशर्त पठाईएको थियो । उक्त रकमबाट जम्मा १०५,६३४ जनालाई औषत १६ दिनको रोजगारी उपलब्ध गराईएको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वार्षिक प्रगती प्रतिवेदनमा उल्लेख छ ।

स्रोत: https://www.opmcm.gov.np/wp-content/uploads/2021/03/PMEP-Annual-Report-076-77.pdf

सबैले खोप लगाईसके भन्छन्, खै त हाम्रो पालो कहिले आउँछ ?

सरकारको निर्णय अनुसार अहिले २०७७ चैत्र २५ गते देखी चीनमा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी, चीनमा अध्ययनमा जाने तयारीमा रहेका व्यक्तिहरु, हिमालय पार व्यापार गर्ने नेपाली व्यापारी, अत्यावश्यक सेवामा काम गर्ने कर्मचारी/व्यक्ति, होटल, ट्रेकिङ, विज्ञापन र इन्टरनेट क्षेत्रमा काम गर्ने व्यक्ति, औषधी, फलफुल, तरकारी लगाएतका व्यापारी र प्राध्यापक आदीलाई खोप लगाईदैछ । त्यस पश्चात प्राथमिकता क्रम र खोपको उपलब्धता अनुसार सबैले नि:शुल्क खोप पाउनेछन् ।

स्रोत: https://cutt.ly/Cc7Hhq3

यस भन्दा अगाडी त मेनपावर कम्पनीले नै बायोमेट्रिक लगायत सबै काम गरिदिन्थ्यो । अब त अभिमुखिकरण तालिममा पनि आफै उपस्थित हुनुपर्ने रे । आफै उपस्थित नभए हुँदैन ?

वैदेशिक रोजगारीमा जाने जो कोहीले अभिमुखिकरण तालिम लिन र बायोमेट्रिक हाजिरी गर्न जरुरी छ । नक्कली बायोमेट्रिक प्रयोग गर्दा इन्स्योरेन्स तथा कल्याणकारी कोषबाट प्राप्त हुने सुविधाबाट बञ्चित हुनसक्ने र विदेशबाट पुन: श्रम स्वीकृती प्राप्त गर्न कठिन हुने सम्भावना बढी रहन्छ । गन्तव्य मुलुक सम्बन्धी जानकारी, वैदेशिक रोजगार सम्बन्धी कानून तथा अन्य आवश्यक कानून सम्बन्धी जानकारी बाट समेत बञ्चित हुने भएकोले पनि अभिमुखीकरण तालिममा आफै सहभागी भएर बायोमेट्रिक हाजिरी गर्नु पर्दछ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/177/lan/ne-NP

मेरो राहदानीको म्याद २ वर्ष भन्दा कम छ । तर, म २ वर्षको लागि वैदेशिक रोजगारीमा जाने बिचारमा छुँ । के मैले तत्काल राहदानी नविकरण गर्नुपर्छ ?

राहदानीको बहाल रहने म्याद एक वर्ष भन्दा कम अवधी बाँकी रहेको अवस्थामा मात्र नयाँ राहदानीका लागि आवेदन गर्न सकिने प्रावधान रहेको छ । यदी विदेशमा रहेकै बेला राहदानीको म्याद सकिन लागेमा त्यहाँ स्थीत नेपाली दुतावासमा आवेदन दिई नयाँ राहदानी प्राप्त गर्न सकिन्छ । यो संगै पुरानो राहदानीमा रहेको श्रम र भिषाको बहाल रहने अवधी यथावत मान्य रहन्छ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/176/lan/ne-NP

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्

COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सिर्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,३४,४५१ नेपाली	७१,१९३ नेपाली	२६,००० नेपाली	४,०६,९१७ नेपाली	२,२४,९०५ नेपाली	१७,०५७ नेपाली	५००,००० नेपाली	३८,८६२ नेपाली
३,९८,४३५ संक्रमित	२,४७,०९४ संक्रमित	१,५६,४६२ संक्रमित	१,९०,०२५ संक्रमित	४,८३,७४७ संक्रमित	१,७१,५९४ संक्रमित	३,६०,८५६ संक्रमित	१,१०,१४६ संक्रमित
५,८०० नेपाली संक्रमित	२,३५० नेपाली संक्रमित	४५१ नेपाली संक्रमित	२८,२५० नेपाली संक्रमित	५,३५० नेपाली संक्रमित	३०० नेपाली संक्रमित	२१०० नेपाली संक्रमित	२९ नेपाली संक्रमित
८८ मृत्यु भएका नेपाली	१२ मृत्यु भएक नेपाली	३ मृत्यु भएका नेपाली	१८ मृत्यु भएका नेपाली	३९ मृत्यु भएका नेपाली	१ मृत्यु भएका नेपाली	१ मृत्यु भएका नेपाली	

- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

कतारमा कोभिड - १९ सम्बन्धी नयाँ नियमहरु

संक्रामक रोग सम्बन्धी मन्त्रिपरिषदको निर्णय र १९९० को कानून नम्बर १७ बमोजिम कोरोना भाइरसको फैलावट सिमित राख्नको लागि अनिवार्य गरिएको छ । यसको उल्लंघन गरेमा सार्वजनिक मुद्दा चलाइने छ । यो कानून उल्लंघन गर्नेलाई तिन वर्ष कैद अथवा २ लाख रियाल सम्म जरिवाना हुन सक्ने छ ।

- घर, मजलिस आदीमा हुने सामाजिक जमघट र भ्रमणहरु बन्द गर्नुपर्ने, खुला स्थानहरुमा बढीमा ५ जना व्यक्तिसम्म (खोप लगाइसकेका) भेला हुन भने पाउने छन् ।
- सार्वजनिक पार्क, समुद्री किनारा र कर्नेशमा जम्मा हुन वा बस्न पाईनेछैन । व्यक्तिगत कार्य जस्तै हिइन, जगिङ र साईकल चलाउन भने पाइने छ ।
- रेस्टुरेण्ट र क्याफेहरु बन्द रहनेछन् । टेक अवे र डेलिभरी सेवा भने चलाउन पाइने छ ।
- सिनेमा घर, सैलुन, ड्राईभिङ स्कूलहरु बन्द रहने छन् ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

COVID HEROES

लक्ष्मि राज उपाध्याय

कोभिड फोकल पर्सन,
धनगढी उप-महानगरपालिका, कैलाली

चण्डीका अधिकारी

स्टाफ नर्स,
जलेश्वर अस्पताल, महोत्तरीका

नरेशबाबु श्रेष्ठ

कोभिड फोकल पर्सन,
जिल्ला जनस्वास्थ्य कार्यालय, बर्दिया

कोरोना महामारीको समयमा अग्रपंक्तिमा खटिएर काम गर्ने सबै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र कर्मचारी सम्मानका पात्र हुनुहुन्छ । यसै शिलशिलामा "कोभिड हिरोज"का लागि मनोनयन आएका मध्येबाट हाल जनस्वास्थ्य कार्यालय बर्दियामा कार्यरत कोभिड फोकल पर्सन नरेशबाबु श्रेष्ठ, जलेश्वर अस्पताल, महोत्तरीका स्टाफ नर्स चण्डीका अधिकारी र धनगढी उप-महानगरपालिका, कैलालीका कोभिड फोकल पर्सन लक्ष्मि राज उपाध्याय पूर्व निर्धारित मापदण्डको आधारमा "कोभिड हिरोज" बाट सम्मानित हुनुभएको छ । सम्मानित हुने तिनै जना प्रतिनिधी पात्र मात्र हुनुहुन्छ । यो सम्मान आफ्नो ज्यान जोखिममा राखेर अहोरात्र खटिने सबै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र कर्मचारी प्रति समर्पित छ ।

$ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा
भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

संघिय सरकार

रु. ८ अर्ब ५९ करोड ९८ लाख

प्रदेश सरकार

रु. २ अर्ब ९२ करोड ३ लाख

स्थानीय सरकार

रु. ८ अर्ब १० करोड ६७ लाख

दोहोरो खर्च

रु १ अर्ब ४९ करोड ७० लाख

दोहोरो खर्च कटाएर आउने जम्मा खर्च

रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi

accountabilitylab NEPAL



रेडियो कार्यक्रम पद्धती

संरचना सबैका लागि

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs